नौमूले गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नौमूले, दैलेख
कर्णाली प्रदेश, नेपाल ।

नौमूले गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नौमूले, दैलेख कर्णाली प्रदेश, नेपाल

# सिलबन्दी दरभाउ आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०७९/१०/१९)**

चालू आ.व. २०७९/०८० मा यस कार्यालय अन्तरगतका सामुदायिक विद्यालयहरुमा अध्ययन गर्ने छात्राहरुलाई निशुल्क रुपमा वितरण गर्ने प्रयोजनका लागि स्यानिटरी प्याड खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक अधिकृत विक्रेता वा फर्महरुबाट देहायका शर्तहरुको अधीनमा रही रितपूर्वकको दररेट पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

<u>तपसिल</u>

| क.सं. | बोलपत्रको विवरण | लागत अनुमान (मु अ कर तथा कन्टिन्जेन्सी सहित) | बोलपत्र दस्तुर रु. | बोलपत्र जमानत रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | **सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन** ठेक्का नं .NRM/GOODS/SQ/01/०७९/०८० (खरिद गर्नुपर्ने सेनिटरी प्याडहरु नेपाल सरकारबाट स्वीकृत सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ३ को उपदफा (४) सँग सम्बन्धित अनुसूची १ मा उल्लेखित सेनिटरी प्याडको न्यूनतम मापदण्ड र ऐ कार्यविधिको दफा २० को उपदफा (२) सँग सम्बन्धित अनुसूची २ मा उल्लेखित स्थानीयस्तरमा उत्पादित सेनिटरी प्याडको न्यूनतम मापदण्ड अनुरुप हुनुपर्नेछ । कार्यविधि गाउँपालिकाको वेबसाइट www.naumulemun.gov.np मा यसै सूचनासाथ राखिएको छ ।) | १६,६०,४५९.८३ | १०००-/ | ४५,००० | बोलपत्र दस्तुर गाउँपालिकाको नाममा एन एम बि बैंक शाखा कार्यालय ,नौमूलेमा रहेको आन्तरिक राजश्व खाता नं . १०४००७१७१२४०००७४ र धरौटी खाता १०४००७१७१२४०००३१ मा जम्मा गर्न सकिनेछ ।( |

१. सूचना प्रकाशन भएको मितिले २०७९।११।०४ गते साँझ ५:०० बजेभित्र बोलपत्र सम्बन्धी कागजात खरिद गरि मिति २०७९।११।५ गते मध्यान्ह १२:०० बजेभित्र इच्छुक फर्म/कम्पनीले नेपाल सरकारबाट इजाजत प्राप्त प्रमाणपत्र, PAN तथा VAT दर्ता प्रमाणपत्र र आ.व. २०७८/०७९ सम्मको कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी, कालो सुचीमा नपरेको स्वयं घोषणापत्र, मौजुदा सूचीमा दर्ता भएको प्रमाणपत्र, कार्यालय समयमा यस गाउँपालिकाको कार्यालय, नौमूलेमा दररेट सहित आवेदन पेश गर्न सकिनेछ ।

२. <u>प्याकिङमा उत्पादन मिति, एक्सपायर मिति, ब्याचनम्बर र नौमूले गाउँपालिका दैलेख बाट निशुल्क रुपमा वितरण गरिएको भन्ने शब्द अनिर्वाय रुपमा लेखिएको र सो को उपयोग अवधि (Expired Date) यस कार्यालयमा प्राप्त भएको मितिले १८ महिनाको हुनु पर्नेछ ।</u>

३. सेनिटरी प्याड खरिद तथा सप्लाई कार्यको कार्यालयले सारभुत रुपमा प्रभावग्राहि दरभाउ पत्रपध्ये प्याकेजको रुपमा सबै भन्दा घटि कबोल गर्ने फर्मको दरभाउ पत्र स्वीकृत गर्न सक्नेछ ।

४. सम्पूर्ण स्यानिटरी प्याडहरु IS/NS Certified कम्पनिहरुबाट उत्पादित समानमात्र खरिद हुने छ ।

५. दररेट अङ्क र अक्षर दुवैमा उल्लेख गर्नुपर्नेछ । अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

६. रित नपुगेको, म्याद नाघि वा शर्त राखी पेश भएको दररेट उपर कुनै कारबाही हुने छैन् ।

७. प्रचलित ऐन, नियमानुसार लाग्ने सम्पूर्ण कर सम्बन्धित दररेट पेश गर्नेले नै व्यहोर्नु पर्नेछ ।

८. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा दररेट स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकाको कार्यालयमा निहित हुनेछ ।

९. उपलब्ध गराउनु पर्ने सेनिटरी प्याड यस कार्यालयले निर्धारण गरेको स्पेशिफिकेशन बमोजिम हुनुपर्नेछ ।

१०. यस सूचनामा उल्लेख भएका कुराहरु यसै सूचना बमोजिम र उल्लेख नभएका कुराहरु प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावलि, २०६४(संशोधित) नियमानुसार हुनेछ ।

११. विस्तृत जानकारीको लागि सम्पर्क नं. ९८४८१४१२०८ वा ९८०९४१०१५५ मा सम्पर्क राख्न सकिने छ ।

(रेशम बहादुर बुढा)
प्रमुख प्रशासकिय अधिकृत

रेशम बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत